# माईजोगमाई गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय



रेड पाण्डा

**नयाँबजार, इलाम ।**

**१ नं. प्रदेश, नेपाल ।**

पत्र संख्याः ०७७/०८८

च. नं :

मितिः २०७७/१०/२९

श्री सरोकारवाला सवै,
माईजोगमाई गाउँपालिका

विषयः **न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।**

प्रस्तुत विषयमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं./PMEP/२५८ मिति २०७७/१०/२५ को पत्रानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) को अनुसूची -१ बमोजिम आगामी आर्थिक वर्ष २०७८/७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिले आफू बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०७७ फागुन महिनामा निवेदन दिन हुनका लागि यो सूचना प्रकाशित गरिएको छ। बेरोजगार व्यक्तिले सूचीकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५(पहिलो संशोधन सहित) को अनुसूची १ बमोजिम हुनु पर्नेछ । उक्त निवेदनको ढाँचा वडा कार्यलय, प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट https://pmep.gov.np/publication/karyavidhi र माईजोगमाई गाउँपालिका रोजगार सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

Note: निवेदकले फारम भर्दा चाहिने आवस्यक कागजात/विवरणहरुः

- निवेदकको नागरिकताको प्रतिलिपी वा विवरण
- पूर्ण पारिवारिक विवरण
- निवेदकको पासपोर्ट साइजको १ थान फोटो
- सीप भएमा सीपको विवरण

विवेक श्रेष्ठ

भागवत प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

- श्री सवै वडा कार्यालयहरुः यो सूचना सूचनापाटिमा टाँस गर्न हुन।
- श्री सूचना प्रविधि शाखा, माईजोगमाई गा.पा. – यो सूचना वेवसाइमा राखिदिन हुन ।

Phone No.- ०२७-४११०४४ Email- maijogmaigaupalika@gmail.com Website: maijogmaimun.gov.np